# तथ्यमा आधारित निर्णयका लागि स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको योगदान

## परिचय

सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूबाट मानिसले कुन स्तरमा सेवा लिएका छन् भनेर जान्न ती संस्थाबाट सूचना सङ्कलन गर्नका लागि नेपालमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) पहिलो पटक १९९४ मा अभ्यासमा ल्याइएको थियो। समयक्रममा यो प्रणाली विस्तारित भएको छ र हाल सरकारका सबै स्वास्थ्य कार्यक्रम समेटेर यसले दुई सयभन्दा बढी सूचकहरू दिन्छ। सबै तहका सरकारका लागि तथ्यमा आधारित भएर निर्णय गर्न यसले महत्त्वपूर्ण भूमिका खेलेको छ।

सामान्यतः पिछडिएका क्षेत्र/जनसङ्ख्याको पहिचान गरेर, नीतिगत छलफललाई तथ्यपरक बनाउन सघाएर र विभिन्न तहमा स्वास्थ्य क्षेत्रको प्रगति अवलोकन कार्यलाई सहज बनाएर स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले नीतिगत निर्णय लिन सहयोग गर्दछ । तर नेपालमा यसको उपयोग सीमित क्षेत्रमा मात्रै भएको छ, त्यसैले विस्तृत समुदायलाई सुसूचित गर्न सक्ने यसको क्षमता तथा सम्भावनाको सही उपयोग गर्न अझै सकिएको छैन । सङ्घीय सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग अन्तर्गतको व्यवस्थापन महाशाखाको एक एकाइका रूपमा रहेको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा (IHIMS) ले स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा आधारित वार्षिक प्रतिवेदन प्रकाशित गर्दछ र त्यो नै स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका सूचना वितरण गर्ने प्रारम्भिक माध्यम बनेको छ।

## नतिजा

### खोजी तथा अनुगमनः

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कको महत्त्वपूर्ण उपयोग भएका क्षेत्रमध्ये एउटा नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०१५-२०२०) को अनुगमन र यसको नतिजा कार्य ढाँचा (Results Framework) माथिको रिपोर्टिङ्ग हो । स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूमा छुटेको पक्ष (Gaps) को पहिचान गर्न स्वास्थ्यसम्बन्धी वार्षिक पुनरावलोकन कार्यक्रममा यस कार्यढाँचाका सूचकहरूको प्रगतिको पुनरावलोकन र छलफल राष्ट्रिय स्तरमा गरिन्छ । सङ्घ तहका सरकारी सङ्गठनहरू विभिन्न सूचकहरूको प्रगति हेर्नका लागि स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको उपयोग बारम्बार गर्ने गर्दछन् । उदाहरणका लागि राष्ट्रिय योजना आयोगले स्वास्थ्य र कल्याण (Wellbeing) सम्बन्धी दिगो विकास लक्ष्य ३ को प्रगति मापन स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कमा आधारित रहेर गर्दछ। त्यसैगरी, विकास साझेदारहरूले उनीहरूले सहयोग गरेका वा कार्यान्वयनमा ल्याएका क्रियाकलाप तथा परियोजनाको अनुगमन गर्न स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको उपयोग गर्दछन्।

### वार्षिक कार्ययोजना निर्माण, बजेट तर्जुमा तथा रणनीति विकासः

सङ्घ तहका स्वास्थ्यसम्बन्धी सबै सरकारी कार्यक्रमको वार्षिक कार्ययोजना निर्माण तथा बजेट तर्जुमा कार्यमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कलाई ठोस प्रमाणका रूपमा लिइन्छ । स्वास्थ्य क्षेत्रमा भविष्यका लागि तय गरिने धेरै रणनीति र कार्यक्रमहरू स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कमा आधारित हुन्छन्। उदाहरणका लागि, आगामी दश वर्षका लागि रणनीति निर्माण र योजना तर्जुमा गर्दा नेपाल सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य मार्गचित्र २०३० यिनै तथ्याङ्कमा आधारित छ।

### अनुसन्धान तथा सर्वेक्षणः

नेपालमा राष्ट्रिय सर्वेक्षण तथा अध्ययनको ढाँचा तयार गर्न स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कलाई आधारभूत सूचनाका रूपमा उपयोग गरिएको छ, किनभने यसले रणनीतिहरूका नमूना तयार गर्न निर्णायक सूचनाहरू प्रदान गर्दछ । उदाहरणका लागि, आफ्नो नमुना ढाँचा तयार गर्न नेपाल स्वास्थ्य संस्था सर्वेक्षणले स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले दिएका जानकारीको प्रयोग गर्दछ। स्वास्थ्यसँग सम्बन्धित सूचकहरूको अन्तर्राष्ट्रिय अनुमान तयार गर्न यो नै मुख्य स्रोत हो। विद्यार्थी तथा प्राज्ञिक क्षेत्रका मानिसहरूले पनि अनुसन्धान कार्य, विश्वविद्यालयका पाठ्यक्रम तर्जुमा र शोधपत्रहरू तयार गर्न स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कलाई प्रयोगमा ल्याउँछन्।

### प्रदेश र स्थानीय तहमा उपयोगः

सङ्घ तहमा यसको राम्रो उपयोग भए पनि योजना तर्जुमामा पुऱ्याउन र अनुगमन तथा निर्णय प्रक्रियामा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको यथेष्ट उपयोग प्रदेश र स्थानीय तहमा भएको पाइँदैन। स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको अनलाइन पहुँचमा तालिकाहरू बनाउने तथा स्थानीय उपयोगका लागि वर्गीकृत सूचना तालिका (Dashboards) तयार गरिदिने सुविधा उपलब्ध छन् जसले सम्बन्धित विषयको निर्णय प्रक्रियामा सघाउँछ।

# अध्ययन विधि

नेपालको स्वास्थ्य क्षेत्रमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कलाई कुन हदसम्म उपयोग गरिएको छ भनेर अन्वेषण गर्न गरिएको एउटा पुनरावलोकनलाई यस विश्लेषणमा प्रस्तुत गरिएको छ । स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कको प्रयोगको पहिचान गर्न सरकारी तहमा तयार गरिएका तथ्याङ्कमा आधारित धेरै दस्तावेजहरू (जस्तै- राष्ट्रिय नीति, निर्देशिका, रणनीतिक योजना, रिपोर्ट, हाते पुस्तिका तथा दस्तावेज), सरकारी तथा गैरसरकारी आधिकारिक वेबसाइट, अन्य प्रतिवेदन, वैज्ञानिक प्रकाशन तथा वेबसाइटहरुको पुनरावलोकन गरिएको थियो । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कको उपयोगको पुनरावलोकन पनि यसमा समावेश छ । डेस्क रिभ्यूमा विभिन्न दस्तावेजहरूको अध्ययन गरिनुका साथै, स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कमा पहुँच राख्ने तथा तिनको उपयोग गर्ने विभिन्न पक्षको सूचीकरण समावेश छ । तथ्याङ्कको उपयोग कसरी र कसले गरिरहेको छ भन्ने पत्ता लगाउन स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका फोकल पर्सनसँग स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमाथि प्रत्यक्ष गहन अन्तर्वार्ता लिने काम पनि भएको छ।

# स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको उत्तम उपयोगमा देखिएका चुनौती

- गैरसरकारी स्वास्थ्य संस्थाबाट हुने अधुरो तथा अनियमित रिपोर्टिङ्ग, र सरकारी स्वास्थ्य संस्थाबाट ढिलोगरी हुने रिपोर्टिङ्ग।
- सूचकको असंगत (Inconsistent) मापन तथा अनुमानित र वास्तविक लक्षित जनसंख्याबिच विरोधाभास।
- स्थानीय स्तरमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्क तयार (Generate) तथा उपयोग गर्ने सक्षमताको कमी तथा तथ्याङ्कमा आधारित निर्णय गर्ने पक्षमा पैरवी गर्ने क्षमतामा कमी।

# अब लिनुपर्ने बाटो

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कलाई स्वास्थ्यको क्षेत्रमा धेरैतिर प्रयोग भइरहेको भए तापनि त्यसको अझै व्यापक प्रयोग गर्न सकिने ठाउँहरू छन् । नियमित रूपमा तथ्याङ्क हेर्ने तथा त्यसलाई रणनीतिक योजनाहरूमा प्रयोग गर्नुका साथै दिनदिनैको प्रगति पहिल्याउन उपयोग गर्ने अभ्यासलाई स्वास्थ्य संस्थाका सबै तहमा सबल गराउनुपर्छ। यसका लागि निम्न पहलहरू उपयोगी हुने छन्ः

- स्थानीय स्तरमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई अभ्यासमा ल्याउन आवश्यक जनशक्ति उपलब्ध गराउनुका साथै तिनलाई तालिम दिने व्यवस्था गर्नुपर्दछ।
- तथ्याङ्कलाई बुझ्ने र व्याख्या गर्ने तथा सम्भव भएसम्म त्यसलाई सरकारका विभिन्न तहका साथै स्वास्थ्य संस्थामा व्यवहारमा ल्याउने क्षमता अभिवृद्धि गर्ने । यस कार्यका लागि बजेट विनियोजनमा प्राथमिकता दिने मात्र होइन सम्बन्धित क्षेत्रमा सीप अभिवृद्धिका लागि राम्ररी तर्जुमा गरेका क्रियाकलापको कार्यान्वयमा समेत जोड दिनुपर्दछ।
- तथ्याङ्कको गुणस्तरमा सुधार ल्याउन र स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कको प्रयोगलाई बढाउन स्वास्थ्य संस्था तहमा अनुगमन तथा पृष्ठपोषण संयन्त्रलाई सबल गरिनुपर्दछ।
- सबै स्वास्थ्य संस्थालाई समेटेर समयबद्ध विस्तारित रिपोर्ट तयार गर्न बलियो र जवाफदेहीयुक्त पद्धति स्थापना गर्न स्थानीय सरकारलाई सहयोग गर्नुपर्दछ।

## सन्दर्भ सामग्री


1. Central Bureau of Statistics, 2017. A compendium of National Statistical System of Nepal. Kathmandu, Nepal: Central Bureau of Statistics
2. Http://nhssrf.mohp.gov.np/#/root/2/outputs/all
3. Government of Nepal, National Planning Commission (2017). Nepal's Sustainable Development Goals; Status and Roadmap: 2016-2030 link: https://www.npc.gov.np/images/category/1__SDG_Report_final_version.pdf
4. Poudel, Deepak (2013), Impact of community- and home-based interventions for improved newborn care practices in Nepal, Doctor of Philosophy (Ph. D.) dissertation, Center for International Health, Ludwig Maximilians University of Munich, Germany. Link: https://edoc.ub.uni-muenchen.de/16830/1/Paudel_Deepak.pdf
5. Khatri, R. B., Mishra, S. R., & Khanal, V. (2017). Female Community Health Volunteers in Community-Based Health Programs of Nepal: Future Perspective. Frontiers in public health, 5, 181. doi:10.3389/fpubh.2017.00181
6. Paudel D, Shrestha IB, Siebeck M, Rehfuess E (2017) Impact of the community-based newborn care package in Nepal: a quasi-experimental evaluation. BMJ Open 7: e015285
7. MoHP (2018). Nepal National Health Accounts, 2012/13 – 2015/16, Ministry of Health and Population, Government of Nepal, Kathmandu, Nepal
8. Government of Nepal, Ministry of Health, Department of Health Services, National Tuberculosis Center (2017), National Tuberculosis Program Nepal Annual Report 2073/74
9. नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, कुष्ठरोग नियन्त्रण महाशाखा टेकु, काठमाडौं (२०७४), बाल स्वास्थ्य महाशाखाको एकीकृत बाल स्वास्थ्य तथा पोषण सम्बन्धि कार्यक्रम सञ्चालन निर्देशिका आ.व. २०७४/७५
10. नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, कुष्ठरोग नियन्त्रण महाशाखा टेकु, काठमाडौं, कार्यक्रमको राष्ट्रिय सञ्चालन निर्देशिका २०७३
11. नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, कुष्ठरोग नियन्त्रण महाशाखा टेकु, काठमाडौं, कुष्ठरोग राष्ट्रिय रणनीति २०७३-२०७७: कुष्ठरोग मुक्त उन्मुख नेपाल
12. Government of Nepal, Ministry of Health, Department of Health Services, National Tuberculosis Centre(2016), National Strategic Plan For Tuberculosis Prevention, Care And Control (2016-2021)
13. National Strategic Guideline on Kala-azar Elimination Program in Nepal 2014; A report on verbal autopsy to ascertain causes of neonatal deaths in Nepal 2014



अमुल्य सल्लाह तथा सुझावहरुको लागि स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा प्रति आभारी छौं।


NHSSP Nepal Health Sector Support Programme

UKaid from the British people